**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ मार्च २०२६

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- आगामी विधानसभा चुनावअघि कोलकाता पुलिसले शहरको सुरक्षा प्रणालीलाई अझ बलियो बनाउन धेरै महत्त्वपूर्ण कदमहरू चालेको छ।
- चुनाउ आयोगले यसै हप्ता अतिरिक्त मतदाता सूची जारी गर्ने सम्भावना छ, जसले लगभग २० लाख मतदाताहरूको स्थिति स्पष्ट हुनेछ ।
- पश्चिम बंगालमा आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै निर्वाचन आयोगले प्रशासनिक र पुलिस अधिकारीहरूको ठूलो फेरबदल गरेको छ।
- चुनाउ आयोगको निर्देशनमा पश्चिम बंगालमा स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गर्न सुरक्षा व्यवस्था कठोर पारिएको छ।
- श्री राम नवमीको अवसरमा खरसाङको गिद्ध पहाडस्थित श्री राम मन्दिरदेखि दार्जिलिङको महकाल मन्दिरसम्म पदयात्रा आयोजना गरिने भएको छ।

**विधानसभा चुनाव -कोलकाता पुलिस - सुरक्षा व्यवस्था**

आगामी विधानसभा चुनावअघि कोलकाता पुलिसले शहरको सुरक्षा प्रणालीलाई अझ बलियो बनाउन धेरै महत्त्वपूर्ण कदमहरू चालेको छ। यसै सिलसिलामा पुलिस कमिश्नर अजय कुमार नन्दको निर्देशनमा एक विशेष निर्वाचन प्रकोष्ठ गठन गरिएको छ ।हिज जारी निर्देश अनुसार, अतिरिक्त पुलिस आयुक्त (प्रथम) देवेन्द्रप्रकाश सिंहलाई कोलकाता पुलिसको निर्वाचन कक्षको समग्र जिम्मेवारी दिइएको छ। यसअघि जारी भएको आदेशमा आंशिक परिमार्जन गरी तत्काल लागू गरिएको एक वरिष्ठ पुलिस अधिकारीले बताएका छन् । देवेन्द्रप्रकाश सिंहलाई सहयोग गर्न लालबजार मुख्यालयले विशेष टोली गठन गरेको छ ।उक्त टोलीमा अतिरिक्त पुलिस आयुक्त सन्तोष पाण्डे, पुलिस सहआयुक्त (संगठन) अजय प्रसाद, पुलिस डिप्टी कमिश्नर (साइबर) अभिषेक मोदी, कोलकाता पुलिसका पुलिस डिप्टी कमिश्नर (सेकेन्ड बटालियन) अनिर्वन सरकार र पुलिस डेपुटी कमिश्नर (विशेष शाखा) इन्टेलिजेन्स डिपार्टमेन्टका डेपुटी कमिश्नर (विशेष शाखा) विदित राज भुन्देश छन्।पुलिस सुत्र अनुसार, यो टोलीले चुनावअघि सहरको सुरक्षा व्यवस्थालाई बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ । यस पहलको मुख्य उद्देश्य अवैध गतिविधिहरूमा निगरानी बढाउनु हो, विशेष गरी साइबर निगरानी र खुफिया संयन्त्रहरू सक्रिय पार्नु। हिज जारी निर्देशपछि कोलकाता पुलिसका विभिन्न शाखाले पनि यस दिशामा काम शुरु गरेका छन् ।

**चुनाव आयोग -अतिरिक्त मतदाता सूची**

चुनाउ आयोगले यसै हप्ता अतिरिक्त मतदाता सूची जारी गर्ने सम्भावना छ, जसले लगभग २० लाख मतदाताहरूको स्थिति स्पष्ट हुनेछ । यी मतदाताहरुको सत्यपान प्रक्रिया पूरा भइसकेको छ । आधिकारिक सुत्रका अनुसार नयाँ सूचीले कुन मतदाताको नाम मतदाता सूचीमा रहनेछ र कसलाई हटाइने भन्ने जानकारी दिनेछ । यो कदम एक ब्यापक सत्यपान अभियानको बीचमा आएको छ जसमा ६०.०६ लाख भन्दा अधिक मानिसहरूलाई विचाराधीन श्रेणीमा राखिएको छ। कलकत्ता उच्च न्यायालयले नियुक्त गरेका न्यायिक अधिकारीहरूले यी मतदाताहरूको दस्तावेज जाँच गरिरहेका छन्। दस्तावेजको सत्यपानको आधारमा को बैध मतदाता हुन् र को होइनन भन्ने तय हुनेछ । सुत्र अनुसार मंगलबार सम्म २१ लाख भन्दा अधिक मतदाताहरुको रेकर्ड जाँच र निपटान गर्ने काम सकिएको छ । पहिलो अतिरिक्त सूचीले यी मतदातामध्ये लगभग २० लाख मतदाताहरुको स्थिति सार्वजनिक गर्ने सम्भावना छ ।

**निर्वाचन आयोग - पश्चिम बंगाल -फेरबदल**

पश्चिम बंगालमा आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै निर्वाचन आयोगले प्रशासनिक र पुलिस अधिकारीहरूको ठूलो फेरबदल गरेको छ। आयोगले ११ जना जिल्ला अधिकारीहरुलाई पदबाट हटाएको छ। उनी जिल्लाको निर्वाचन अधिकारीका रुपमा पनि कार्यरत थिए। नयाँ अधिकारीहरू कुचबिहार, जलपाईगुडी, मालदा, मुर्शिदाबाद, नादिया र उत्तर र दक्षिण २४ परगना सहित अन्य जिल्लाहरूमा नियुक्त गरिएका छन्। यसअघि पुलिस उप महानिरीक्षक स्तरका पाँच अधिकारीहरुलाई पनि हटाइएको छ। यो आदेश तत्काल प्रभावका साथ् लागू भएको छ। अधिकारीहरूलाई आज दिउँसो ३ बजेसम्म कार्यभार सम्हाल्न र अनुपालन रिपोर्ट पेश गर्न निर्देश दिइएको छ। चुनाउ प्रक्रिया पुरा नभए सम्म हटाइएका अधिकारीहरुलाई चुनाउ सम्बन्धि कुनै पनि कार्य सुम्पिने छैन।

**पश्चिम बंगाल -विधानसभा चुनाव -आचार संहिता**

पश्चिम बंगालमा दुई चरणमा २३ अप्रेल र २७ अप्रेलमा विधानसभा चुनाव हुँदैछ। यसका साथै राज्यका प्रमुख दलहरुले पनि उम्मेदवारको नाम घोषणा गरेका छन् भने उम्मेदवारहरु पनि चुनावी अभियानमा जुटेका छन्। चुनाउ आयोगले हिज आचारसंहिता लागू गरेको छ। यसपछि जिल्लाको आदर्श आचारसंहिता टोलीले सम्पूर्ण क्षेत्रमा निगरानी शुरु गरेको छ।

**पश्चिम बंगाल - विधानसभा चुनाव -बीरभूम - विस्फोटक बरामद**

पश्चिम बंगालमा विधानसभा चुनावको अधिसूचना जारी भएको केही दिनपछि वीरभूम जिल्लाबाट ठूलो मात्रामा विस्फोटक पदार्थउद्धार गरिएको छ।पुलिसल यो जानकारी दिएको हो।
प्राप्त जानकारी अनुसार मंगलबार राति वीरभूमको नल्हाटी थाना क्षेत्रको कडासिर गाउँमा ग्रामीण नागरिकहरुले विस्फोटक पदार्थ बोकेको ट्र्याक्टरलाई रोकेका थिए। उनीहरूले पुलिसलाई रिपोर्ट गरेपछी पुलिसले घटनास्थलमा पुगेर ट्र्याक्टरसहित विस्फोटक पदार्थ उद्धार गरेको थियो।
पुलिस अनुसार उद्धार गरिएका विस्फोटक पदार्थमा लगभग १० हजार जिलेटिन स्टिक र ३६० डेटोनेटर रहेका छन्। तर, अहिलेसम्म कसैलाई पक्राउ गरिएको छैन।चुनाउ अघि वीरभूममा विस्फोटक पदार्थ उद्धार भएको घटनाले त्यस क्षेत्रमा त्रासको वातावरण सिर्जना गरेको छ। घटनाको विस्तृत जाच गरी दोषीलाई कठोर कारबाही गर्न सर्वसाधारणले माग गरेका छन्।

**कोलकाता पुलिस 'डिजिटल अरेस्ट' -फर्दाफास**

कोलकाता पुलिसले 'डिजिटल अरेस्ट' को नाममा साइबर ठगी गर्ने एउटा ठूलो गिरोहको पर्दाफास गर्दै थप एक आरोपीलाई पक्राउ गरेको छ। अवैध सिमबक्स प्रणाली मार्फत नक्कली कल रुटिङ र पहिचान ठगी गर्ने यो गिरोहको गतिविधि जाचको क्रममा थाहा लागेको छ छ।पुलिस सुत्र अनुसार अर्पण सिकदर नामका एक युवकलाई मंगलबार राति उत्तर २४ परगना जिल्लाको अशोकनगर इलाकाबाट ३ करोड रुपियाँ धोखाधडीको मामिलामा पक्राउ गरिएको छ। आरोपी 'डिजिटल अरेस्ट' गिरोहको सक्रिय सदस्य रहेको बताइएको छ।

**भाजपा -खर्साँग -उम्मेदवार**

भारतीय जनता पार्टीले खरसाङ विधानसभा चुनाउमा खरसाङ क्षेत्रकै पुत्रलाई टिकट दिने र उक्त व्यक्ति पार्टीभित्रबाटै हुनसक्ने भाजपा दार्जिलिङ जिल्ला सचिव बिनय प्रसादले बताउनुभएको छ।उहाले खरसाङमा पत्रकारहरुलाई सम्बोधन गर्नुहुदै पहाडका तीनवटा विधानसभा समष्टिहरु दार्जिलिङ, कालेबुङ र खरसाङको लागि भाजपाले चाडै नै उम्मेदवारहरू घोषणा गर्न सक्ने बताउनु भएको छ।

**चुनाउ आयोग -नाका सतर्कता**

**चुनाउ आयोगको निर्देशनमा पश्चिम बंगालमा स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गर्न सुरक्षा व्यवस्था कठोर पारिएको छ। यस अन्तर्गत हिज सिलिगुडी शहर र वरपरिका क्षेत्रहरुमा व्यापक जाँच अभियान चलाइएको छ। सिलिगुडी लगायत राज्यभरिका प्रमुख प्रवेशद्वार र निकास बिन्दुहरूमा पनि निगरानी बढाइएको छ।**

**भारत सरकार - इस्पात मंत्रालय**

भारत सरकारको इस्पात मन्त्रालय अन्तर्गत स्टील अथोरिटी अफ इन्डिया लिमिटेड (सेल) मा निर्देशक (वाणिज्यिक) पदको लागि चयन प्रक्रियालाई अब मन्त्रीमंडलले स्वीकृत गरेको छ। सर्च कम सेलेक्ट कमिटीले उक्त पदका लागि टिएन नटराजनको नाम सिफारिस गरेको थियो, जसलाई राष्ट्रपतिले अनुमोदन गर्नुभएको थियो । चयन प्रक्रिया ९, जनवरी २०२६ मा भएको थियो। सेलको व्यावसायिक निर्देशक पदका लागि १२ जना वरिष्ठ अधिकारीहरु मध्येबाट टिएन नटराजनलाई चयन गरेको छ।

**श्री राम महोत्सव समिति - पदयात्रा**

श्री राम महोत्सव समिति दार्जिलिङ खरसाङ शाखाको आयोजनामा श्री राम नवमीको अवसरमा खरसाङको गिद्ध पहाडस्थित श्री राम मन्दिरदेखि दार्जिलिङको महकाल मन्दिरसम्म पदयात्रा आयोजना गरिने भएको छ।

**सिलीगुड़ी - पुलिस - आग्नेयास्त्र**

सिलिगुडी पुलिसले आग्नेयास्त्र सहित एक युवकलाई पक्राउ गरेको छ । पुलिस सुत्र अनुसार ती युवकलाई हिज साँझ सूर्यसेनपार्क क्षेत्रमा शंकास्पद रूपमा घुमिरहेको देखेपछि पुलिसले सोधपुछ गरेको थियो । उनको व्यवहारमा असामान्यता देखेर पुलिसलाई शंका लागे पछि तलासीका क्रममा उनीसँग आग्नेयास्त्र र कारतूस उद्धार भएको थियो। पुलिसले अघिल्लो कार्वाही शुरु गरेको छ ।

****** ० ******